आज मिति २०७५/०४/०७ गते बिहान ८:३० बजे राक्सिराङ्ग गाउंपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा गाउं कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष : श्री राजकुमार मल्ल

उपाध्यक्ष : श्री निर्मला हिम्डुङ्ग

सदस्य : श्री कान्छाराम रुम्बा (वडाध्यक्ष,वडा नं.१)

सदस्य : श्री सूर्य बहादुर मुक्तान (वडाध्यक्ष,वडा नं.२)

सदस्य : श्री बाबुलाल स्याङ्गतान (वडाध्यक्ष,वडा नं.३)

सदस्य : श्री संजय कोईराला (वडाध्यक्ष,वडा नं.४)

सदस्य : श्री चन्द्र सिंह प्रजा (वडाध्यक्ष,वडा नं.५)

सदस्य : श्री सिंगलाल प्रजा (वडाध्यक्ष,वडा नं.६)

सदस्य : श्री कुल बहादुर प्रजा (वडाध्यक्ष,वडा नं.७)

सदस्य : श्री रामकृष्ण प्रजा (वडाध्यक्ष,वडा नं.८)

सदस्य : श्री रामकुमार बाल्वा थिङ्ग (वडाध्यक्ष,वडा नं.९)

सदस्य : श्री सन्त ब.प्रजा

सदस्य : श्री सिमोन बि.क.

सदस्य : श्री मैना कुमारी गोले

सदस्य : श्री गौरीमायां स्याङ्गतान

सदस्य : श्री कर्ण कुमारी राउत

सदस्य : श्री सुकमायां बि.क. सुक

सदस्य सचिव : श्री सुकदेव लम्साल

आमन्त्रित : स.ई.श्री रमेश राय

माईन्युट सहयोगी :
ना.सु.चुननारायण श्रेष्ठ

CamScanner

**प्रस्तावहरु**

१. चालू आ.ब.२०७५।७६ का आयोजनाहरु कार्यान्वयन गर्ने सम्वन्धमा ।

**<u>निर्णय नं.१ :</u>** यस गाउपालिकाको तेस्रो गाउसभाबाट पारित चालू आ.व.२०७५।७६ का लागि बिनियोजन गरेका योजनाहरुको कार्यान्वयन गर्ने सम्बन्धमा निम्नानूसार गर्ने निर्णय गरियो ।

क.) वडास्तर र गाउपालिकास्तरका २५ लाखसम्मका योजनाहरुको उपभोक्ता समितिको गठन मिति २०७५ श्रावण १५ गतेदेखी असोज मसान्तभित्र गर्ने निर्णय गरियो ।

ख.) १० लाख १ रुपैया भन्दा माथिका योजनाहरु ठेक्का प्रकृयाद्वारा सञ्चालन गर्ने भनी तेस्रो गाउ सभाबाट निर्णय भएतापनि गाउपालिकाको भौगोलिक जटिताका कारण ठेक्का प्रकृयावाट गर्न कठीनाइ हूने भएकाले आगामी गाउसभावाट अनूमोदन गर्ने गरी रु.२५ लाखसम्मका आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गर्ने निर्णय गरियो । सोभन्दा ठुला आयोजनाहरुको नक्सा, सर्भे, डिजाइन,ल.ई. गरी Bid document तयार गर्नका लागि सोसग सम्वन्धित विज्ञ जनशक्ति हाल गाउपालिकामा नभएकाले सो कार्य कन्सल्टेन्सीमार्फत गर्नको लागि श्रावण मसान्त भित्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

ग.) सबै आयोजनाहरुको लागत अनूमान गर्ने म्याद २०७५ मंसिर मसान्तसम्म र सम्झौता गर्ने म्याद पौष मसान्तसम्म गर्ने निर्णय गरियो ।

घ.) पुर्वाधारतर्फका सबै योजनाहरुको सम्पन्न गर्ने म्याद २०७५ चैत्र मसान्तसम्म र प्रवर्द्धन तर्फका आयोजनाहरुको सम्पन्न गर्ने म्याद २०७५ बैशाख मसान्तसम्म गर्ने निर्णय गरियो ।

ङ.) खरीद गर्ने कामका लागि मात्र उपभोक्ता समिति गठन नगर्ने ।

च.) उपभोक्ता समितिहरुलाई तालिम तथा अभिमुखीकरण कार्तिक मसान्तसम्म गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२ :</u>** यस जिल्लाको सदरमूकामबाट गाउपालिकाको केन्द्रसम्म आवत जावत गर्न एक मात्र सडक सरीखेत सिम्पानी सडक भएको र हालसालै मात्र गाउपालिकाबाट उक्त सडकको मर्मत सम्भार भएको र भविष्यमा पनि सडकको स्तरउन्नति गर्ने समेतका कार्यक्रमहरु रहेकाले उक्त सडकमा आवतजावत गर्ने अटो, बस, जिप, ट्रयाक्टर लगायतका सवारीसाधनहरुबाट निम्न बमोजिमको मर्मत शूल्क लिइ भविष्यमा पनि सडकको नियमित सूचारु गर्ने निर्णय गरियो ।

निम्न

१. अटो रु. ३०

२. वस जिप ट्याक्टर अन्य रु ५०

यस अनूसार रकम उठाउन वडा नं. ३ लाई जिम्मेवारी दिने । सो का लागि गाउपालिकाबाट रसिद उपलब्ध गराउने एवं गाउ पालिकामा रकम जम्मा भएपछि २५ प्रतिशत रकम सम्वन्धित वडामा भूक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३ :</u>** यस गाउपालिकाको ठूला आयोजनामध्ये प्रदेश सरकारबाट प्राप्त विशेष अनूदानबाट सञ्चालन गरिने रु १ करोडको चैनपुर साजग रानीबाङ्ग पंजनी मान्छाप गींगु रतुवा साईचा खैराङ्ग मलेखु सडक चैनपुरबाट शुरु गर्ने र प्रदेश सरकार ससर्त अनुदानबाट गर्ने गरी तोकिएको

रु ५० लाखको प्याङ्गचे बोटबारी हुदै चौकीटार साईजोसम्म सडकलाई साईचोबाट शुरु गरी चौकीटार रतुवा देवीटार खण्ड ट्रयाक अपन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.४ :</u> यस गाउपालिकाको वडा नं. ८ को सन्च बहादूर प्रजाको २०७२ साल को विनाशकारी भूकम्पबाट घर पुर्ण रुपमा क्षति भएकोमा तत्कालिन गाविस काकडामा निवेदन परेकोमा सर्वदलीय बैठकबाट भूठ्ठा विवरण पेश गरेको भनि सम्भौता रोक्का गर्ने निर्णय भएकोमा हाल सम्वन्धित वडाबाट बूझ्दा विवरण भूठ्ठा नभई निज बास्तविक पिडित भएको भनी सम्भौता समेत भएकोमा पहिलो किस्ता रकम बैकमा रोक्का भएकोमा सो फूकूवा गरीदिन सम्बन्धित निकायमा अनूरोध गर्ने निर्णय गरियो ।